प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५

**प्रस्तावना**: सहकारी संघ संस्था बाट संचालन हुने व्यवसायिक क्रियाकलापको विस्तार एवम प्रवर्द्धनका लागि यस मन्त्रालयको आ.व. ०७५।०७६ को स्वीकृत वार्षिक बजेटमा रहेको "उत्पादनमुलक सहकारी संस्था प्रवर्द्धन कार्यक्रम" अनुसार यस प्रदेश भित्र उत्पादनमुलक क्षेत्रमा क्रियाशिल सहकारी संघ संस्थाहरुलाई प्रदान गरिने पुँजीगत अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी बनाउन बाञ्छनीय भएकाले प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत गरी यो कार्यविधि जारी गरीएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**आयोजना**" भन्नाले दफा ३ को उपदफा (१) वमोजिम संस्थाले संचालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ सम्झनु पर्छ ।

(ग) "**मुख्य कारोवार**" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरु मध्ये कुल वार्षिक कारोवारको पचास प्रतिशत भन्दा बढी हिस्सा भएको कारोवार सम्झनु पर्छ ।

(घ) "**मूल्याङ्कन समिति**" भन्नाले दफा ८ वमोजिमको मुल्याङ्कन समिती सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले संस्थाको विनियम सम्झनु पर्छ ।

(च) "**सहकारी खेती**" भन्नाले संस्थाको वहुवर्षीय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरु प्रत्यक्षत: संलग्न गराएर सामूहिक वा व्यक्तिगत रुपमा संचालन गर्ने खेतीपाति सम्झनु पर्छ र सो शव्दले त्यसरी सामूहिक रुपमा गरिने पशुपालन, माछापालन, रेशमखेती, मौरीपालन, कुखुरापालन, बंगुर पालन फलफुल खेती जस्ता व्यवसायलाई समेत जनाउँछ ।

(छ) "**समिति**" भन्नाले संस्थाको संचालक समिति सम्झनु पर्छ ।

(ज) "**साधारण सभा**" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ ।

(झ) "**सीमान्तकृत समुदाय**" भन्नाले दलित र पिछडिएको अल्पसंख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शव्दले अपाङ्गता भएका व्यक्तिहरुलाई समेत जनाउँछ ।

(ञ) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शव्दले सहकारी संघलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## अनुदान सम्बन्धी व्यवस्था

३. अनुदान दिन सक्ने : (१) सहकारी संघ संस्थालाई देहाय बमोजिमका आयोजना सञ्चालन गर्न मन्त्रालयले पुँजीगत अनुदान प्रदान गर्न सक्नेछः-

(क) श्रमिक, भूमिहीन कृषक , सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सामूहिक वा व्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) कृषक सहकारी संस्थाले दीर्घकालीन रुपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) कृषक, सहकारी संघ संस्थाले आफ्ना सदस्यहरुको उपज सङ्कलन, सञ्चय , प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

(घ) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु विक्रि वितरण गर्ने आयोजना, र

(ङ) विषयसँग सम्बन्धित सहकारी संघ संस्थाहरुले सङ्गठित भई सामूहिक रुपमा सञ्चालन गर्ने शीतघर, स्रोतकेन्द्र, थोक वजार, दुध चिस्यान केन्द्र (चिलिङ भ्याट), दुग्ध प्रशोधन परियोजना निर्माण, जलविद्युत, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना ।

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने रकमको अधिकतम सीमा मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः-

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| क.सं. | आयोजनाको विवरण | अनुदान रकमको सीमा | कैफियत |
|---|---|---|---|
| क. | श्रमिक, भूमिहीन कृषक , सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सामूहिक वा व्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना, | आयोजनाको कूल लागतको ७० प्रतिशत रकम वा रु. पच्चीस लाख मध्ये जुन कम हुन्छ सोही रकम | |
| ख. | कृषक सहकारी संस्थाले दीर्घकालीन रुपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना, | आयोजनाको कूल लागतको ७० प्रतिशत रकम वा रु. तीस लाख मध्ये जुन कम हुन्छ सोही रकम | |
| ग. | कृषक, सहकारी संघ संस्थाले आफ्ना सदस्यहरुको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना, | आयोजनाको कूल लागतको ७० प्रतिशत रकम वा रु. बीस लाख मध्ये जुन कम हुन्छ सोही रकम | |
| घ. | आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु विक्रि वितरण गर्ने आयोजना | आयोजनाको कूल लागतको ७० प्रतिशत वा रु. सात लाख मध्ये जुन कम हुन्छ सोही रकम | |
| ङ. | विषयसँग सम्बन्धित सहकारी संघ सस्थाहरुले सङ्गठित भई सामूहिक रुपमा सञ्चालन गर्ने शीतघर, स्रोतकेन्द्र, थोक बजार, दुध चिस्यान केन्द्र (चिलिङ भ्याट), दुग्ध प्रशोधन परियोजना निर्माण, जलिवद्युत, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना । | आयोजनाको कूल लागतको ७० प्रतिशत वा रु. एक करोड मध्ये जुन कम हुन्छ सोही रकम | |

(४) उपदफा (३) बमोजिम वर्गीकरणमा परेका आयोजनाहरुमा अनुदान प्रदान गर्दा स्वीकृत प्रस्तावको आधारमा वजेटको सिमाभित्र रही सम्भव भएसम्म समानुपातिक तवरले प्रदान गरिने छ । साथै अन्य कार्यशिल पुँजी लगायत बाँकी रकम संस्था आफैले व्यहोर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम उपलब्ध हुने अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम व्यवसाय संचालन र व्यवसायसँग सम्बन्धित पुँजीगत खर्चमा उपयोग गर्नुपर्नेछ ।

(६) एक संस्थाले एक भन्दा बढी आयोजनामा प्रस्ताव पेश गर्न पाउने छैन ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

४. <u>अनुदान उपलब्ध नगराईने:</u> (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलब्ध गराईने छैन:-

(क) समय भित्र वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमित रुपमा वार्षिक लेखा परिक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नभएको,

(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाण पत्र नभएको ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले अनुदान प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद -३

## <u>अनुदान प्रदान गर्ने प्रक्रिया</u>

५. <u>सूचना प्रकाशन गर्ने:</u> स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मन्त्रालयले पूँजीगत अनुदानका लागि आयोजना प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा तीस दिनको अवधि दिई सूचना प्रकाशन गर्नु पर्ने छ ।

६. <u>दरखास्त पेस गर्नुपर्ने:</u> यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ५ बमोजिम प्रकाशित सूचनामा दिईएको अवधि भित्र अनुसुची -१ बमोजिमको ढाँचामा मन्त्रालयमा दरखास्त दिनु पर्ने छः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ,

(घ) कर चुक्ताको प्रमाण-पत्र,

(ङ) आयोजनाको प्रस्ताव,

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, नेपाल

(च) साधारण सभा वा सञ्चालक समितिबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने गरिएको निर्णयको प्रतिलिपि,

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
मकवानपुर, नेपाल

(छ) सञ्चालक समितिको पदाधिकारीको नाम, ठेगाना, र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

(ज) पचास लाख रुपैयाँ भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा कम कुल लागत भएको आयोजना भए पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गाको लालपुर्जा वा जग्गा प्राप्त गर्नु पर्नेमा लिजको सम्झौता पत्र,

(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात,

(ट) अनुसूची -२ बमोजिमको विवरण ।

७. <u>प्रारम्भिक छानविन गर्ने:</u> (१) दफा ६ बमोजिमको दरखास्त उपर मन्त्रालयले प्रारम्भिक छानविन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा मन्त्रालयले अनुसूची-३ बमोजिमको प्रारम्भिक जाँच सूचीको आधारमा मन्त्रालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा तोकिएको जाँचसूची मध्ये कुनैमा असफल भएको पाइएमा मन्त्रालयले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी सम्बन्धित संस्थालाई गराउनु पर्नेछ ।

(४) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य कुरा मूल्याङ्कन समितिले तोकेबमोजिम हुनेछ ।

८. <u>मूल्याङ्कन समिति :</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतका लागि सिफारीश गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्टाइएको बजेटको सिमाभित्र रही प्राप्त प्रत्येक प्रस्तावलाई अनुसूची-४ बमोजिमको आधारमा मूल्याङ्कन गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद – ४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

९. जानकारी दिनुपर्नेः (१) अधिकार प्राप्त अधिकारीबाट प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित संघ संस्थालाई सोको जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ ।

१०. सम्झौता गर्नुपर्नेः यस कार्यविधि बमोजिम संस्थालाई अनुदान प्रदान गर्दा मन्त्रालयले अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

११. भुक्तानी विधिः (१) यस कार्यविधी बमोजिम संस्थालाई उपलब्ध गराईने अनुदान रकमको भुक्तानी देहाय बमोजिम हुनेछः-

(क) सम्झौता भएपछि बीस प्रतिशतसम्म,

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिलको आधारमा थप पचास प्रतिशतसम्म,

(ग) खण्ड (क) र (ख) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

(२) उपदफा (१) बमोजिम संस्थालाई प्रदान गरिने अनुदान रकमको भुक्तानी मन्त्रालयबाट हुनेछ।

(३) मन्त्रालयले कुनै शर्त, बन्देज तोकेकोमा त्यस्तो शर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

१२. सार्वजनिक खरिद ऐन लागू हुनेः यस कार्यविधी बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

१३. अनुदानको सदुपयोग गर्नु पर्नेः (१) संस्थाले अनुदान रकम आफ्नो खातामा प्रविष्टी गरी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिमको अनुदान रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१४. <u>प्रतिवेदन दिनु पर्ने</u>: संस्थाले यस कार्यविधी बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेको कार्य, खर्च, र प्रतिफल सहितको विवरण अनुसूची-६ बमोजिमको ढाँचामा देहायको अवधि भित्र मन्त्रालयमा पेश गर्नुपर्ने छः-

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र, र

(ग) आयोजनाको प्रतिफल र उपलब्धि सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्ष भित्र ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१५. <u>अनुगमन गर्नु पर्ने</u>: (१) यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका संस्था वा आयोजनाको नियमित रुपमा मन्त्रालय वा मातहत निकायबाट अनुगमन हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१६. <u>अनुदान रोक्का गर्न सक्ने</u>: (१) दफा १५ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै शर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा अख्तियारवालाले मनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछः-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको सर्त पालना नभएमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी मन्त्रालयले बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

१७. <u>असूल उपर गरिने</u>: दफा १५ बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको अनुदानको रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिने छ ।

१८. <u>सफाई पेश गर्ने मौका दिनु पर्ने</u>: दफा १६ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा १७ वमोजिम रकम असुल उपर गर्नु पर्दाको अवस्थामा सम्बन्धित संस्थालाई सफाई पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ ।

१९. <u>अनुदानको लेखापरीक्षण</u>: (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त अनुदानको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(२) संस्थाले प्राप्त अनुदान रकमको स्रेस्ता तथा बिल भरपाईको अलग्गै अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि मन्त्रालयमा पठाउनु पर्नेछ ।



नि. सचिव

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा मन्त्रालयले तत्सम्बन्धमा छानबिन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छानविन गर्दा लेखापरीक्षण त्रुटीपूर्ण भएको पाइएमा सम्बन्धित लेखापरीक्षकलाई आवश्यक कारबाहीको लागि सम्बन्धित नियमनकारी निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद – ५

## विविध

२०. साधारण सभालाई जानकारी गराउनु पर्नेः यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको विवरण जानकारी गराउनु पर्नेछ ।

२१. विवरण उपलब्ध गराउनेः (१) मन्त्रालयले यस कार्यविधि बमोजिम स्वीकृत भएको अनुदानको रकम र प्रयोजन समेत खुलाई त्यस्तो अनुदान प्राप्त गर्ने संस्थाको विवरण सम्बन्धित स्थानीय तह र सहकारी संघलाई उपलब्ध गराउनेछ ।

(२) अनुदान प्राप्त गर्ने संस्थाहरुले प्राप्त अनुदानबाट गरेका कार्यहरु वार्षिक साधारण सभाबाट अनुमोदन गरी एक प्रति सम्बन्धित स्थानीय तहमा समेत उपलब्ध गराउनु पर्नेछ ।

२२. विवरण सार्वजनिक गर्नुपर्नेः (१) संस्थाले मन्त्रालयबाट प्राप्त गरेको अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी आयोजना स्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम मन्त्रालयका साथै संस्थाको प्रयोजनगत योगदान र अद्यावधिक खर्चका महलहरु राख्नु पर्नेछ ।

२३. कन्टिन्जेन्सीः सम्बन्धित बजेट शीर्षक मध्येबाट दुई प्रतिशत रकम कन्टिन्जेन्सी राखिनेछ र सो रकम बैठक, अनुगमन र निरीक्षण कार्यमा मन्त्रालयले खर्च गर्नेछ ।

२४. आर्थिक प्रशासन सम्बन्धी व्यवस्थाः कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन,२०५५, आर्थिक कार्यविधि नियमावली,२०६४, सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम गरिने छ ।

२५. प्रतिवेदन प्रकाशन गर्नुपर्नेः मन्त्रालयले यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुदानको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

२६. संशोधन एवं व्याख्या गर्ने अधिकारः यस कार्यविधिको कार्यान्वयनका शिलिशलामा कुनै प्रावधान स्पष्ट नभएमा वा बाधा परेमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी मन्त्रालयले संशोधन एवं व्याख्या गर्न सक्नेछ ।

नि. सचिव

अनुसूची- १

(दफा ६ सँग सम्बन्धित)

<u>दरखास्तको ढाँचा</u>

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.३, हेटौंडा, मकवानपुर ।

विषयः अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

त्यस मन्त्रालयबाट मिति ..................... मा ................. राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस संघ/संस्थाले प्रदेश सरकारको पुँजीगत अनुदान समेतमा .....................आयोजना सञ्चालन गर्ने गरी मिति ................को साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएको कागजात संलग्न राखी अनुसूची-२ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ ।

सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ का शर्त, बन्देजहरु पालना गर्न यो संघ संस्था मन्जुर छ ।

भवदीय,

..................

अध्यक्ष :

नाम, थर :

संस्थाको नाम, ठेगाना :

संस्थाको छाप :

सम्पर्क नं. :

नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची- २

(दफा ६ को खण्ड (ट) सँग सम्बन्धित)

प्रस्तावित आयोजनाको विवरण

१) संघ/संस्थाको नाम :..............................................................................................

ठेगानाः

जिल्लाः

न.पा./गा.पाः

गाँउ/टोलः

२)दर्ता नम्बर र मितिः

३)आयोजनाको नामः

४)आयोजना स्थल

जिल्ला :

न.पा./गा.पाः

वडा नं.:

गाँउ/टोलः

५) आयोजना प्रारम्भ हुने मितिः

६) आयोजना सम्पन्न हुने मितिः

७) आयोजनाको कुल लागत रु. ........................................................................

७.१ स्थीर पूँजी रु. ........................................................................

क. मेसिनरी उपकरण रु.................................................................................

ख. जग्गा रु. ........................................................................................

ग. भवन रु. ........................................................................................

घ. पशुपन्छी खरिद रु. ........................................................................

ङ. अन्य (खुलाउने) रु. ........................................................................

७.२ कार्यशील पुंजी रु. ........................................................

७.३ कार्यक्रम खर्च रु. ........................................

८) संस्थाले ब्यहोर्ने लागत प्रतिशतः ...............................

९) संस्थाको लागत ब्यहोर्ने स्रोतः

क. शेयर रकमबाट रु. ...................................

ख. जगेडा कोषबाट रु. ...................................

ग. अन्य रु. ........................................

नि. सचिव

१०) नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने:

..............................................................................................................................................................

..............................................................................................................................................................

११) सदस्य सहभागिताको अवस्था:

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | सञ्चालक समितिमा | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| दुर्गम भौगोलिक क्षेत्र | | | | | | |
| अल्पसङ्ख्यक | | | | | | |
| जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१२) संस्थाको व्यवसायिक सेवामा सदस्य केन्द्रीयताः

| विवरण | | हालको अवस्था पछिल्लो आ.व.को | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| | | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य सङ्ख्या | गैरसदस्य सङ्ख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य सङ्ख्या | गैर सदस्य सङ्ख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष पूर्ण वर्षमा २,०८० घण्टा काम पाउने भए १ जना मानी सङ्ख्या जनाउने | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

नि. सचिव

१३) आयोजना स्थलमा पूर्वाधारको स्थिति (√ चिन्ह लगाउनुहोस)

| | |
|---|---|
| बिजुली | ☐ |
| सिंचाइ | ☐ |
| पक्की सडक | ☐ |
| कच्ची सडक | ☐ |

१४) व्यवसायको लागि भवन, टहरा, सेड, गोठको स्थिति (√ चिन्ह लगाउनुहोस)

| | |
|---|---|
| आफ्नै स्वामित्वमा निर्माण भएको | ☐ |
| आफ्नै स्वामित्वमा निर्माण नभएको | ☐ |

१५) कार्यालयको भौतिक स्थिति :

| | |
|---|---|
| आफ्नै भवन | ☐ |
| भाडाको घर | ☐ |

१६) संस्थागत सुशासनको स्थितिः

| | | | | |
|---|---|---|---|---|
| सञ्चालक समितिको बैठक नियमित | छ | ☐ | छैन | ☐ |
| वार्षिक साधारण सभा नियमित | छ | ☐ | छैन | ☐ |
| लेखा परिक्षण नियमित | छ | ☐ | छैन | ☐ |
| संघहरुमा आबद्धता | छ | ☐ | छैन | ☐ |
| कार्यसञ्चालन नियमावली | छ | ☐ | छैन | ☐ |

छ भने कतिवटाः

| | | | | |
|---|---|---|---|---|
| आयोजना सम्भाव्यता अध्ययन | छ | ☐ | छैन | ☐ |

१७) उत्पादित वस्तुको बजार सम्भावनाः

| | | | | |
|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय बजारको पहुँच | भएको | ☐ | नभएको | ☐ |
| राष्ट्रिय बजारको पहुँच | भएको | ☐ | नभएको | ☐ |
| स्थानिय बजारको पहुँच | भएको | ☐ | नभएको | ☐ |

१८) सामूहिक व्यवस्थापनमा संचालनः

क) हुने ☐ नहुने ☐

ख) हुने भए सामूहिक रुपमा के कसरी सञ्चालन गरिने हो, खुलाउनेः

..........................................................................................................................

..........................................................................................................................

१९) प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानिय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानिय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन)

क) हुने ☐ नहुने ☐

मि. सचिव

ख) हुने भए के कसरी हुने हो, खुलाउनेः

..........................................................................................................................

..........................................................................................................................

२०. मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलापः

क) हो ☐ होइन ☐

ख) हो भने व्यहोरा खुलाउने :

..........................................................................................................................

..........................................................................................................................

२१ वैदेशिक वजारीकरणः

| विवरण | पछिल्लो आ.व. को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा विक्री | | | | |
| विदेशमा विक्री | | | | |
| अन्य | | | | |

२२. वातावरणीय सरोकार (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव):



नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

क) सकारात्मक प्रभाव हुने ☐ नहुने ☐

ख) हुने भए के कस्तो हुने हो, खुलाउने :

.................................................................................................................................................

.................................................................................................................................

ग) नकारात्मक प्रभाव हुने ☐ नहुने ☐

घ) हुने भए के कस्तो हुने हो, खुलाउनेः

.................................................................................................................................................

.................................................................................................................................

२३. अन्य कुनै कुरा भए खुलाउने :

.................................................................................................................................................

.................................................................................................................................

........................

अध्यक्षको हस्ताक्षर

नाम, थर :

संस्थाको नाम, ठेगाना :

संस्थाको छाप :

मिति :

नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**प्रारम्भिक जाँच**

१.सूचनाको म्यादिभत्र दरखास्त दर्ता ☐ भएको ☐ नभएको
२.सूचनामा तोकिएका सबै कागजात संलग्न ☐ भएको ☐ नभएको
३.पछिल्लो वार्षिक साधारण सभा समयमै ☐ गरेको ☐ नगरेको
४.पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमै ☐ गरेको ☐ नगरेको
५.पछिल्लो वार्षिक लेखा परिक्षण समयमै ☐ गराएको ☐ नगराएको
६.यसअघि अनुदान प्राप्त गरेको भए सदुपयोग ☐ गरेको ☐ नगरेको
७.कार्य क्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन ☐ गरेको ☐ नगरेको
८.कर चुक्ता प्रमाणपत्र ☐ भएको ☐ नभएको
९. लेखा समितिको वार्षिक प्रतिवेदन पेश ☐ भएको ☐ नभएको

द्रष्टव्यः

..........................................................................................................................

..........................................................................................................................

जाँच गर्ने कर्मचारीको

नाम, थरः

दस्तखत :

पदः

मितिः

[signature] नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची– ४
(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कन आधार र अङ्क

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | सदस्य सहभागिताको अवस्था<br>२० अंक | | २० |
| १.१ | हालको अवस्था | | १० |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ देखि ९९ | ८ | |
| (ग) | ५० देखि ७४ | ६ | |
| (घ) | २५ देखि ४९ | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| १.२ | आयोजनाको प्रक्षेपित अवस्था | | १० |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ देखि ९९ | ८ | |
| (ग) | ५० देखि ७४ | ६ | |
| (घ) | २५ देखि ४९ | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | आयोजनाबाट सिर्जना हुने रोजगारी | | १५ |



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | |
|---|---|---|---|
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना | ३ | |
| ३ | सीमान्तकृत समुदायको सहभागिता * | | १५ |
| ३.१ | सदस्यमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ३.२ | सञ्चालक समितिमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |



नि. सचिव

| | | | |
|---|---|---|---|
| (ङ) | नभएको | १ | |
| ३.३ | **आयोजनाको लाभमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | **महिला सहभागिता** | | १५ |
| ४.१ | **सदस्यमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.२ | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |



नि. सचिव

| | | | |
|---|---|---|---|
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४.३ | आयोजनाको लाभमा सहभागिता | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ५ | **भौगोलिक अवस्था** | | १० |
| (क) | दुर्गम भौगोलिक क्षेत्रहरुः<br>क. दोलखा जिल्लाको लामाबगर र रोल्वालिङ्ग क्षेत्र<br>ख. धादिङ्ग जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र | १० | |
| (ख) | अन्य ग्रामीण क्षेत्र | ८ | |
| (ग) | नगरपालिका | ६ | |
| (घ) | उपमहानगरपालिका | ४ | |
| (ङ) | महानगरपालिका | २ | |



नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| ६ | सिर्जनात्मकता | | २५ |
|---|---|---|---|
| (क) | सामुहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन | ५ | |
| (ङ) | उत्पादनको वैदेशिक बजारीकरण | ५ | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

द्रस्टव्य :

१. पूर्ण रोजगारी भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनु पर्छ ।
२. वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशतभन्दा बढी विदेश निर्यातलाई सम्झनु पर्छ ।
३. वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गरिक खेतीपाती, प्रदुषण रोकथाम लगायतका पर्ने प्रभाव सम्झनुपर्छ ।
४. नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ ।

नि. सचिव

अनुसूची-५

( दफा १० सँग सम्बन्धित)

सम्झौताको ढाँचा

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ हेटौंडाको आ.व. ...................... को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम "उत्पादनमूलक सहकारी संघ/संस्था प्रवर्द्धन कार्यक्रम" अन्तर्गत कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमका आयोजनाहरु निर्माण तथ संचालन गर्न मिति ........................ गतेको राष्ट्रिय दैनिक/स्थानिय साप्ताहिक/ स्थानिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये मूल्याङ्कन समितिबाट सिफारीस भै मिति .......................................... को निर्णय बाट श्री ............................................................ सहकारी संस्था लि. ..................... को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ....................................................... सहकारी संस्था लि. ( यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी ....................................................... आयोजना/ कार्यक्रम संचालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/ दियौं ।

तपशिल

१. प्रथम पक्षले कार्यविधिको दफा ३ को उपदफा (१) खण्ड ...... बमोजिमको .............................. आयोजना/ कार्यक्रम संचालनका लागि रु. ...........................(अक्षेरेपी................................) रकम दोश्रो पक्षलाई पूँजीगत अनुदान प्रदान गर्नेछ । प्राप्त अनुदान जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिमको खर्चमा उपयोग गर्नुपर्नेछ ।

२. प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्ने अनुदान रकमको भुक्तानि विधि कार्यविधिको दफा ११ बमोजिम हुनेछ ।

३. बुंदा १ मा उल्लेखीत आयोजना अन्तर्गतका कार्यहरु दोश्रो पक्षले ......................... भित्र सम्पन्न गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

५. आयोजना/ कार्यक्रम संचालनका लागि आवश्यक डिजाइन, स्टिमेट, सुपरभिजन, रनिङ्ग बील, अन्तीम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन तथा अन्य आवश्यक व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

६. दोश्रो पक्षले खरिद गर्ने मेशिनरी, यन्त्र, उपकरण र यान्त्रिक सरसामान सबै नयाँ हुनुपर्नेछ ।



सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

७. अनुदान प्राप्त भएपछि दोश्रो पक्षले लगत्तै बस्ने साधारणसभामा सो को जानकारी गराउनुपर्नेछ र सो को निर्णय छाँयाप्रति मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

८. दोश्रो पक्षले आयोजना/ कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम लगायतका विवरण उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

९. आयोजना/ कार्यक्रम संचालन वा सम्पन्न भएपश्चातको संचालन, मर्मत संभार, व्यवस्थापन, जोखिम र दिगोपनाका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

१०. प्रथम पक्षले कुनै पनि समय संचालित कार्यको अनुगमन/ निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/ नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

११. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई, सम्बन्धित स्थानिय तहलाई र सहकारी संघलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१२. द्विपक्षीय सम्झौता मुताविकको कार्य नभै रकम सदुपयोग हुन नसक्ने देखेमा प्रथम पक्षले कार्यविधिको दफा १६ बमोजिमको प्रकृया अपनाई अनुदान रकम रोक्का गर्न सक्नेछ ।

१३. अनुगमन/ निरीक्षण प्रतिवेदनबाट अनुदानको रकम दुरुपयोग गरेको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घरघरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१४. दोश्रो पक्षले प्राप्त अनुदानको प्रचलित कानून बमोजिम अभिलेख राखी लेखा परीक्षण गराई साधारणसभाबाट अनुमोदन पश्चात प्रथम पक्षकोमा सो को प्रतिवेदन पठाउनु पर्नेछ ।

१५. दोश्रो पक्षले कार्यविधिको दफा १४ बमोजिम पहिलो पक्ष समक्ष प्रतिवेदन दिनुपर्नेछ ।

१६. आयोजना/ कार्यक्रम संचालनका क्रममा कुनै कुरामा परिमार्जन वा संशोधन गर्नुपरेमा आपसी सहमतिमा कार्यविधिको मर्म र भावना प्रतिकूल नहुने गरी प्रथम पक्षले संशोधन गर्न सक्नेछ ।

१७. सम्झौतामा उल्लेख हुन छुट भएका विषयको हकमा कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ ।

नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

<u>दोश्रो पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

<u>प्रथम पक्षको तर्फबाटः</u>

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

<u>रोहवर</u>

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

इति सम्वत् ............................ साल ..................... महिना...................... गते रोज..................
शुभम् ।

नि. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-६

( दफा १४ संग सम्बन्धित )

### प्रतिवेदनको ढाँचा

१. आयोजनाको नामः

२. आयोजना स्थलः

३. आर्थिक वर्षः

४. कार्य शुरु भएको मितिः

५. कार्य सम्पन्न भएको मितिः

६. कुल लागत रु. :

७. खर्च भएको रकम रु. :

८. लागत बेहोरिएको स्रोत :

मन्त्रालयको अनुदान रकम रु. :

संस्थाको स्वलगानी रु :

जम्मा रु. :

९. लाभान्वित समूह र जना :

१०. अन्य :

| क्र.सं. | सम्पन्न भएको कामको विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

प्र. सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

आयोजनाको लागत भन्दा घटिबढी खर्च भए सो हुनुका मूख्य कारणहरुः

क. ........................................................

ख. ........................................................

ग. ........................................................

सम्झौता तथा स्वीकृत डिजाइन, स्पेशिफिकेशन बमोजिम काम भएको छ भनि प्रमाणित गर्नेः-

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| पेश गर्ने | जाँच गर्ने | सदर/ प्रमाणित गर्ने |

नोटः उल्लेखित प्रतिवेदन संस्थाको संचालक समितिबाट अनुमोदन गराई पेश गर्नुपर्नेछ ।

नि. सचिव